# कल्याणपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर

### जिल्ला सिरहा, मधेस प्रदेश, नेपाल

*सुचना प्रकाशित मिति:२०७९/०६/१२*

## पोखरी ठेक्का वन्दोवस्ती सम्वन्धी सुचना

यस कार्यालयको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित पोखरीहरुको आ.व. २०७९/०८० को कार्तिक १ गते देखी आ.ब.२०८१/०८२ को असार मसान्त सम्मको लागी ठेक्का वन्दोवस्ती शिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने भएकोले पोखरी ठेक्का लिन चाहने इच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनीले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**पोखरीहरुको विवरण:**

| क.सं. | साविक गा.वि.स. | साविक वडा नं. | हालको वडा नं. | कि.नं. | क्षेत्रफल | न्यून्तम ठेक्का अंक |
|---|---|---|---|---|---|---|
| १ | करुन्याही | ९ क | १० | ६८ | ०-१९-५ | ५६६०००।- |
| २ | करुन्याही | ५ | १० | १५८ | ०-१०-१० | ९०००००।- |
| ३ | कल्याणपुर | २ ख | ११ | १०९ | ०-१६-४ | ११०००००।- |
| ४ | कल्याणपुर | ५ | ११ | २८८ | ०-१५-१५ | ६०५०००।- |
| ५ | चतरी | ४ | २ | २०१ | ०-१०-१४ | ३०५०००।- |
| ६ | डुमरी | ४ | ९ | १३६ | ०-१४-० | २०००००।- |
| ७ | विष्णुपुर प्र.रा. | ९क | ४ | २५ | ०-१६-० | ७०००००।- |
| ८ | विष्णुपुर प्र.रा. | ५ | ४ | जे.टी.जेड पोखरी | | ६००००।- |
| ९ | विष्णुपुर प्र.रा | ६क | ४ | ४९५ | ०-१६-१ | ५०७०००।- |
| १० | बेलहा | ६क | १२ | २०२ | ३-१६-५.५ | २५०५५५५।- |
| ११ | अर्नामा प्र.रा. | - | १ | मानिकचन पोखरी | | ३१५०००।- |
| १२ | ईटारी प्रसाही | ७ | ३ | ४१७ | ०-४-५ | ३२०००।- |

**शर्तहरु**

१. यो सुचना प्रकाशित भएको मिति देखि २०७९ असोज ३० गते सम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन र संघ संस्था,फर्म,कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७८/७९ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सक्ने छ ।

२. खरिद गरिएको फारम २०७९ असोज ३१ गते दिनको १ वजेसम्म यस कार्यालयको राजस्व शाखामा आफुले ठेक्का लिन चाहेको पोखरीको सम्पुर्ण विवरण ( सुचनामा उल्लेख भए वमोजिम पोखरीको नाम, वडा नं. ,किता नं., क्षेत्रफल समेत फारममा र खामको वाहिरपटी ) अनिवार्य लेखी सम्पुर्ण विवरण भरी वैक जमानत भौचर समेत संलग्न राखी खाम शिलवन्दी गरी दर्ता गराउनुपर्ने छ । रित नपुगेका,म्याद नाघी आएको वा खाम वाहिर/निवेदनमा तोकिए वमोजिम स्पष्ट व्यहोरा उल्लेख नगरेको दरभाउपत्र दर्ता हुने छैन वा अस्वीकृत गरिने छ ।

३. दर्ता भएको शिलवन्दी दरभाउपत्रहरु २०७९ असोज ३१ गते दिनको ३ वजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएपनि खोल्न वाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्रहरु खोलिने समय हेरफेर पनि हुन सक्ने छ । हेरफेर हुने भएमा कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी गराइने छ ।

४. शर्त न.१,२ र ३ मा उल्लेख भए वमोजिम अन्तिम दिन विदा परे सो कार्य विदा पश्चात कार्यालय खुल्ने दिन सोही समयमा हुने छ ।

५. न्युनतम ठेक्का अंकमा उल्लेखित रकम पोखरीको न्युनतम ठेक्का अंक भएकोले दरभाउपत्रदाताले कवोल गर्दा सो रकम भन्दा कम हुने गरी कवोल गर्न पाइने छैन । आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुने आउने रकम धरौटी स्वरुप यस कार्यालयका नाममा माछ्वापुच्छ्रे वैंक, कल्याणपुरमा संचालनमा रहेको धरौटी हिसाव नं.०८१०११०८१८५०००४२ मा जम्मा गरेको सक्कलै भौचर समेत शर्त न.२ वमोजिम पेश गर्नुपर्नेछ ।

६. दोस्रो र तेश्रो (अन्तिम) किस्ताको लागि धनजमानी (जग्गा धितो) राख्नुपर्ने छ ।

७. स्वीकृत भएको दरभाउपत्र पेश गरको दरभाउपत्रदाताले आफुले कवोल गरेको रकमको प्रथम किस्ता सम्झौता हुनुपुर्व,दोश्रो किस्ता २०८० आसोज मसान्त सम्ममा र तेश्रो किस्ता २०८१ असोज मसान्त सम्ममा यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा माछ्वापुच्छ्रे वैंक कल्याणपुरमा संचालनमा रहेको आन्तरिक राजश्व खाता नं.०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर सम्झौता हुनुपुर्व पेश गर्नुपर्ने छ । कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी ठेक्का वन्दोवस्ती गरिने छ । १० प्रतिशत जमानत रकम अन्तिम किस्तामा मिनहा गरिने छ

८. ठेक्का रकम बाँकी रहेको व्यक्ति र निजको तिन पुस्ते भित्रको एकासगोलको नातेदानको ठेक्का सदर हुने छैन ।

९. यो सुचना कुनै कारणवश संशोधन गर्नुपरेमा वा केही कुरा थपघट गर्नुपरेमा सो सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. यस सम्वन्धमा थप कुरा वुझ्नुपरेमा यस कार्यालयको टेलिफोन नं. ०३३-४०३०६३ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

११. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# कल्याणपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर

### जिल्ला सिरहा, मधेस प्रदेश, नेपाल

*सुचना प्रकाशित मिति:२०७९/०६/१२*

## हाट बजार ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

यस नगपालिकाले आफनो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका बजारहरुको २०७९ कार्तिक १ गते देखि २०८० असार मसान्त सम्मको लागि बहाल विटौरी कर(हाट बजार सेवा शूल्क) उठान गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति,संस्था वा कम्पनिहरुले सूचना प्रकाशन भएको मितिबाट मिति २०७९ असोज २८ गते भित्र देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क.सं. | बजारको नाम | न्यूनतम दर (मु.अ.क.बाहेक) |
|---|---|---|
| १ | अर्नामा बनिनियाँ बजार | ३००००।- |
| २ | चतरी बजार | ३००००।- |
| ३ | ईटारी प्रसाही वजार | १०००००।- |
| ४ | चिकना बजार | १०००००।- |
| ५ | भेडीया पूर्वटोली बजार | ३००००।- |
| ६ | भेडीया रमपुरा बजार | ३००००।- |
| ७ | डुमरी बजार | १५०००।- |
| ८ | करुन्याही बजार | ३००००।- |
| ९ | रमना बङठीया बजार | २५०००।- |
| १० | कल्याणपुर बजार | ३०००००।- |
| ११ | बेलहा बजार | १५२०००।- |
| १२ | ग्रमिण वजार | १००००।- |

**शर्तहरु :-**

१) यो सुचना प्रकाशित भएको मिति देखि २०७९।६।२७ गते सम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन र संघ संस्था, फर्म, कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सक्ने छ ।

२) रितपूर्वक भरिएको दरभाउपत्र फारम २०७९।६।२८ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ।दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्र साथ ५ (पाँच) प्रतिशत धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

४) दर रेट भर्दा मूल्य अभिवृद्धिकर बाहेकको दर रेट भर्नु पर्नेछ ।

५) दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर ठेक्का नं,बजारको नाम, दरभाउपत्रदाताको नाम,ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६) दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७) एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

८) रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११) नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१२) सूचनामा केही कुरा थपघट गर्नुपरेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सुचना पार्टीमा टाँस गरि जनाकारी गराईनेछ साथै सूचना सम्बर्नधि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३) यस ठेक्का बापत नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै बुझाउनुपर्नेछ

१४) ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम,थर,ठेगाना खुलेको नामावली नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उतरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५) ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको भन्दा फरक आफुखुशी मूलय निर्धारण गरी रकम संकलन गरेको पाइएमा ठेकका लिने व्यक्तिबाट असूल उपर गरि कानुनी कारबाही गरिनेछ ।

१६) स्वीकृत भएको दरभाउपत्र पेश गरको दरभाउपत्रदाताले आफुले कवोल गरेको सम्पुर्ण रकम यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालयक कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं.०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गरी चलनपुर्जी लिनुपर्ने छ

१७) अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।